# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








वर्ष : २५ | अंक : ३११ | शनिवार, ६ भदौ, २०८३ | Saturday, 22 Aug 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


## गाँजा खेतीबारे अर्थमन्त्रीको जवाफ : गृहमन्त्रीसँग समन्वय गर्छु



काँक्रेविहार संवाददाता
काठमाडौं, ५ भदौ

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले गाँजा खेतीलाई वैधानिकता दिन अर्थ मन्त्रालय सकारात्मक भएको बताएका छन् ।

राष्ट्रिय सभाको बैठकमा बोल्दै सम्बन्धित विज्ञहरूबाट हुने अध्ययन तथा निर्क्यौल भई कानून बमोजिम व्यवस्थित भएमा सहजीकरणको लागि तत्पर रहने बताए । उनले भने, ‘ गाँजा उत्पादन तथा बजारीकरणको विषय, आय, रोजगारी तथा सम्भावित राजस्व सङ्कलनको मात्र नभई सीमित औषधीजन्य र लागूपदार्थको रूपमा नियन्त्रित विषय हो । केही वर्षदेखि हामीले यसमा छलफलहरू पनि चलाइ रहेका छौं । विगतका एक-दुई वटा बजेटमा यसको सम्भाव्यता अध्ययन गरिनेछ भनेर उल्लेख पनि भएको विषय हो ।’ औषधोपचार प्रयोजनको लागि यसको प्रयोग गर्न सकिने बताए ।

उनले थपे, ‘यो गृह मन्त्रालयसँग सम्बन्धित विषय हो । अध्ययन र निर्क्यौल गरेर कानूनमै यसको व्यवस्था गर्न सकेमा आम्दानी, रोजगारी, औद्योगिक प्रवर्धन र सरकारी राजस्व पनि बढाउने विषयसँगको नजरबाट सकारात्मक रूपले नै हामी हेर्नेछौं ।’

उनले गृहमन्त्री र गृह मन्त्रालयसँग थप समन्वय गरेर निर्क्यौल गर्नको लागि पहल गर्ने बताए ।

# कर्णालीको ७४ प्रतिशत जनसंख्यामा राष्ट्रिय प्रसारणको विद्युत् पहुँच

### *१ सय ६४ वडामा अझै पुगेन राष्ट्रिय प्रसारण लाइन, १३ पालिकाका करिब १० हजार घरधुरी विद्युतीकरणको पर्खाइमा*

काँक्रेविहार संवाददाता
सुर्खेत, ५ भदौ

कर्णाली प्रदेशका ७४.३० प्रतिशत जनसंख्यामा राष्ट्रिय प्रसारण प्रणालीमार्फत विद्युत् पहुँच पुगेको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बताएका छन् । प्रतिनिधिसभामा मन्त्रालयका योजना तथा कार्यक्रमबारे जानकारी गराउँदै मन्त्री श्रेष्ठले आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार २०८२ फागुनसम्म कर्णालीको ७४.३० प्रतिशत जनसंख्या राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको जानकारी दिएका हुन् । उनका अनुसार राष्ट्रिय प्रसारण लाइन पुग्न बाँकी क्षेत्रमा प्रसारण प्रणाली विस्तारसँगै वैकल्पिक ऊर्जाका माध्यमबाट विद्युत् पहुँच पुऱ्याउने काम भइरहेको छ । दुर्गम भूगोल र कठिन भौगोलिक अवस्थाका कारण राष्ट्रिय प्रसारण तत्काल विस्तार गर्न सम्भव नभएका क्षेत्रमा लघु जलविद्युत्, सौर्य मिनीग्रिड तथा घरेलु सौर्य प्रणालीमार्फत विद्युतीकरण गर्ने सरकारको योजना छ ।

**७ सय १८ वडामध्ये १ सय ६४ मा अझै पुगेन प्रसारण लाइन**

कर्णालीका ७ सय १८ वडामध्ये ८२ वटा वडा पूर्ण रूपमा र ४ सय ७२ वडा आंशिक रूपमा राष्ट्रिय प्रसारण लाइनबाट विद्युतीकरण भएका छन् । अझै १ सय ६४ वटा वडामा राष्ट्रिय प्रसारण लाइन पुग्न बाँकी रहेको मन्त्री श्रेष्ठले जानकारी दिए । कर्णालीमा विद्युतीकरण हुन बाँकी एक लाख एक हजार १८७ घरधुरी तथा भौगोलिक क्षेत्र पहिचान गरी सरकारले २०७९ सालमा ‘ लास्ट माइल विद्युतीकरण योजना’ तयार गरेको थियो । त्यसयता विद्युतीकरण अभियान तीव्र बनाइएपछि अहिले १३ वटा पालिकाका करिब १० हजार घरधुरीमा मात्रै विद्युतीकरण हुन बाँकी रहेको मन्त्री श्रेष्ठको भनाइ छ ।



**लघु जलविद्युत्बाट ६४ हजार घरधुरी लाभान्वित**

राष्ट्रिय प्रसारण लाइन विस्तारसँगै वैकल्पिक ऊर्जामार्फत पनि कर्णालीका दुर्गम बस्तीमा विद्युत् पहुँच पुऱ्याउने काम भइरहेको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत कर्णालीमा हालसम्म २ सय ९ वटा लघु तथा साना जलविद्युत् आयोजना सञ्चालनमा छन् । ती आयोजनाबाट ६ हजार ७ सय १९ किलोवाट विद्युत् उत्पादन भइरहेको छ भने ६४ हजार २ सय ३१ घरधुरी लाभान्वित भएका छन् । त्यस्तै २३ वटा सौर्य मिनीग्रिडबाट एक हजार ७ सय ९ किलोवाट विद्युत् उत्पादन भइरहेको छ । यसबाट पाँच हजार ३ सय ९१ घरधुरीमा विद्युत् पहुँच पुगेको मन्त्री श्रेष्ठले बताए ।

**सुर्खेत–दैलेख १३२ केभी प्रसारण लाइन निर्माणाधीन**

कर्णालीमा विद्युत् उत्पादन र वितरणसँगै प्रसारण संरचना विस्तारको कामसमेत अघि बढाइएको छ । १३२ केभी सुर्खेत सबस्टेशन सञ्चालनमा आइसकेको छ भने ३२ किलोमिटर लामो डबल सर्किट १३२ केभी सुर्खेत-दैलेख प्रसारण लाइन निर्माणाधीन अवस्थामा छ । उक्त प्रसारण लाइन आगामी असारभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको मन्त्री श्रेष्ठले जानकारी दिए । दैलेखको चुप्रा १३२ केभी सबस्टेशन पनि आगामी पुसभित्र सम्पन्न गर्ने गरी काम भइरहेको छ ।

दैलेख-कालिकोट-जुम्ला १३२ केभी प्रसारण लाइन निर्माणका लागि बोलपत्र प्रक्रिया अघि बढाइएको छ । यसले कर्णालीका मध्य तथा हिमाली जिल्लामा राष्ट्रिय प्रसारण प्रणाली विस्तार गर्न महत्वपूर्ण आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

**सात जिल्लामा सबस्टेशन र वितरण लाइनको काम**

कालिकोट, जुम्ला, रुकुम पश्चिम, जाजरकोट, सल्यान, मुगु र हुम्लालगायत जिल्लामा ३३/११ केभी सबस्टेशन तथा वितरण लाइन निर्माणका विभिन्न प्याकेज कार्यान्वयनमा रहेका छन् । मन्त्री श्रेष्ठका अनुसार जुम्ला र कालिकोट क्षेत्रमा आयोजनाको भौतिक प्रगति करिब ६० प्रतिशत पुगेको छ । अन्य जिल्लामा भने ४० देखि ७० प्रतिशतसम्म भौतिक प्रगति भएको छ ।

दैलेख, रुकुम पश्चिम र जुम्लामा ८ मेगावाट सौर्य आयोजना

सरकारले वैकल्पिक ऊर्जातर्फ पनि नयाँ आयोजना अघि बढाएको छ । एसियाली विकास बैंकको ऋण सहयोगमा आठ मेगावाट क्षमताको ग्रिड कनेक्टेड सौर्य विद्युत् आयोजना सुरु गरिएको मन्त्री श्रेष्ठले जानकारी दिए । उक्त आयोजनाका लागि दैलेख, रुकुम पश्चिम र जुम्लामा जग्गा छनोट भइसकेको छ । त्यसैगरी दुर्गम वडामा सोलार होम सिस्टम, साना जलविद्युत् आयोजना तथा सोलार मिनीग्रिड निर्माणका लागि बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन भइरहेको छ ।

**दुई चरणमा कर्णालीको पूर्ण विद्युतीकरण**

सरकारले कर्णाली बाँकी पृष्ठ ४

## अघिल्लो वर्षको तुलनामा साउनमै आयो दोब्बर बढी मूल्यको खाना पकाउने ग्यास

काँक्रेविहार संवाददाता
काठमाडौं, ५ भदौ

गत साउन महिनामा २०८२ साउनको तुलनामा दोब्बरभन्दा बढी मूल्यको खाना पकाउने ग्यास (एलपीजी) आयात भएको छ । भन्सार विभागको तथ्यांक अनुसार, २०८२ सालको साउन महिनामा ४ अर्ब ६६ करोड ६४ लाख ६७ हजार रुपैयाँ बराबरको ४ करोड ४३ लाख १८ हजार ८९३ किलोग्राम एलपीजी आयात भएको थियो ।

तर, यस वर्षको साउन महिनामा भने ८ अर्ब ४६ करोड ९२ लाख २८ हजार रूपैयाँ बराबरको ५ करोड ७३ लाख ३४ हजार १०६ किलोग्राम खाना पकाउने ग्यास आयात भएको छ ।



गत वर्षको साउन महिनाको तुलनामा यस वर्षको साउनमा १ करोड ३० लाख १५ हजार २१३ किलोग्राम बढी एलपीजी आयात भएको भन्सार विभागको तथ्यांक छ । तर, पनि गएको १५ दिन उपभोक्ताको माग अनुसार ग्यासको वितरण हुन सकेन । सोही कारण उपभोक्ताहरु एलपीजीको खाली सिलिण्डर लिएर सडकमा लाइन लाग्न बाध्य भएका थिए ।

साउन महिनामा नेपालले गर्ने आयात पनि अघिल्लो वर्षको सोही अवधिको तुलनामा २४ प्रतिशतले बढेको छ । यसरी ठूलो मात्रामा आयात बढ्नुमा खाना पकाउने ग्यासको आयातले पनि योगदान गरेको छ । सरकारले गएको केही महिना ग्यासको आपूर्ति कम भएपछि आधा सिलिण्डर ग्यास वितरण गरेको थियो । आधा सिलिण्डर ग्यास दिएकै कारण धेरै उपभोक्तासँग खाली सिलिण्डर प्रशस्त थिए ।

एक्कासि भरी सिलिण्डर ग्यास दिन थाल्दा ग्यास डिपोहरुमा एकै पटक लामो लाइन लागेको थियो ।


## आत्महत्या समस्याको समाधान होइन:

**आत्महत्याका प्रमुख कारण:**

- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत ।

**रोकथामका लागि:**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

**“एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं”**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# साहित्य

कथा

# मेहेनतले लेखेको भाग्य



✍ बसन्ती थापा

सुर्खेत जिल्लाको सिम्ता गाउँ चारैतिर हरिया डाँडाकाँडा, बीच-बीचमा फैलिएका खेतका गराहरू, बिहानै सुनिने चराचुरुङ्गीका आवाज र साँझपख घर फर्किरहेका किसानहरू । प्रकृतिले सुन्दर भए पनि त्यहाँको जीवन सहज थिएन । अधिकांश परिवार खेतीपाती, पशुपालन र ज्यालादारी मजदुरीमा निर्भर थिए ।

आर्थिक अवस्था कमजोर भएकै कारण धेरै बालबालिकाले चाहेर पनि उच्च शिक्षा हासिल गर्न पाउँदैनथे । त्यही सिम्ता गाउँमा माया नाम गरेकी एउटी साधारण तर असाधारण सपना बोकेकी विद्यार्थी बस्थी । उसको परिवारमा बुबा, आमा, भाइ र ऊ गरी चार जना थिए । बुबा खेतीपातीसँगै कहिलेकाहीँ मजदुरी गर्थे ।

आमा घरको काम, खेतबारी र पशुपालनमा व्यस्त हुन्थिन् । परिवारसँग धेरै सम्पत्ति थिएन, तर उनीहरूसँग एउटा ठूलो सम्पत्ति थियो– एकअर्काप्रतिको माया र विश्वास । माया सानैदेखि पढाइमा निकै रुचि राख्थी । गाउँका अरू बालबालिका विद्यालयबाट फर्किएपछि खेल्न जान्थे, तर माया भने आफ्नो झोला राखेर किताब खोल्थी । घरमा नयाँ किताब किन्न पैसा नहुँदा ऊ पुराना किताब खोजेर पढ्थी । साथीहरूले प्रयोग गरिसकेका कापीका बाँकी पानामा अभ्यास गर्थी । उसकी आमा कहिलेकाहीँ छोरीलाई किताबमा झुकेको देखेर सोध्थिन्, "माया, यति धेरै पढेर के बन्ने हो?" माया मुस्कुराउँदै भन्थी, "अहिले नै थाहा छैन आमा, तर म यस्तो मान्छे बन्न चाहन्छु जसले आफ्नो जीवन बदल्न सकोस् र अरूको जीवनमा पनि केही राम्रो गर्न सकोस् ।" आमाले उसको टाउको मुसार्दै भन्थिन्, "तिम्रो सपना पूरा होस् छोरी ।" बुबा पनि सधैँ एउटै कुरा भन्नुहुन्थ्यो, "हामीले पढ्न पाएनौँ । तिमीले चाहिँ पढाइलाई कहिल्यै नछोड्नु ।"

बुबाको त्यो वाक्य मायाको मनमा गहिरो गरी बसेको थियो । सपनाको सुरुवात माया कक्षामा सधैँ अगाडि रहन्थी । शिक्षकले पढाएको कुरा ध्यान दिएर सुन्थी र घर पुगेपछि फेरि दोहोर्‍याउँथी । नबुझेको कुरा भोलिपल्ट शिक्षकलाई सोध्थी । एक दिन विद्यालयमा शिक्षकले विद्यार्थीहरूलाई सोध्नुभयो, "तिमीहरू विष्यमा के बन्न चाहन्छौ?" कसैले डाक्टर बन्ने भन्यो, कसैले शिक्षक, कसैले प्रहरी । मायाको पालो आयो । उसले केही बेर सोचेर भनी, "सर, म पढेर आत्मनिर्भर बन्न चाहन्छु । अनि मेरो गाउँका अरू बालबालिकाले पनि राम्रो शिक्षा पाऊन् भनेर काम गर्न चाहन्छु ।" शिक्षकले मुस्कुराउँदै भन्नुभयो, "माया, तिम्रो सपना राम्रो छ । तर सपना देखेर मात्र पुग्दैन । त्यसलाई पूरा गर्न मेहनत गर्नुपर्छ ।" मायाले दृढ स्वरमा भनी, "म मेहनत गर्छु सर ।" त्यस दिनदेखि उसको मनमा एउटा वाक्य बस्यो– "भाग्यले बाटो नखोले पनि मेहनतले बाटो बनाउन सक्छ ।" घरको अवस्था मायाको परिवारको आर्थिक अवस्था कमजोर थियो । कहिलेकाहीँ खेती राम्रो हुन्थ्यो, कहिलेकाहीँ मौसमले साथ दिँदैनथ्यो । वर्षायाममा अत्यधिक पानी पर्दा खेतमा क्षति हुन्थ्यो । कहिलेकाहीँ खडेरीले बाली सुक्थ्यो । एक वर्ष बाली राम्रो भएन । घरमा अन्नको कमी हुन थाल्यो । एक साँझ बुबा र आमा खर्चको हिसाब गरिरहेका थिए । "अब त ऋण पनि बढ्दै गयो," आमाले चिन्तित हुँदै भनिन् । बुबाले गहिरो सास फेर्दै भने, "के गर्ने? यसपालि खेतीले साथ दिएन ।" माया नजिकै बसेर पढिरहेकी थिई । उनीहरूको कुरा सुनेपछि उसको मन भारी भयो ।

उसले किताब बन्द गरी "बुबा, मेरो पढाइका लागि धेरै खर्च नगर्नुहोस् । म सकेसम्म छात्रवृत्ति पाउने प्रयास गर्छु ।" बुबाले छोरीतिर हेरेर भने, "तिमीले पढाइ छोड्ने कुरा कहिल्यै नगर्नू । हाम्रो अवस्था जस्तो भए पनि तिम्रो सपना रोकिँदैन ।" मायाले केही बोलिन । उसका आँखामा आँसु भरिए । उसले मनमनै निर्णय गरी–अब अझ बढी मेहनत गर्नुपर्छ ।

मैनबत्तीको उज्यालो घरमा सधैँ पर्याप्त बिजुली हुँदैनथ्यो । कहिलेकाहीँ बत्ती जाने समस्या हुन्थ्यो । त्यस्तो बेला माया मैनबत्ती बालेर पढ्थी । एक रात ठूलो पानी परिरहेको थियो । बाहिर हावाहुरी चलिरहेको थियो । घरभित्र मैनबत्तीको सानो उज्यालो मात्र थियो । आमाले भनिन्, "माया, अब सुत । बिहान चाँडै उठेर पढ ।" मायाले भनिन्, "आमा, भोलि परीक्षा छ । यो पाठ सकाएर मात्र सुत्छु ।" "धेरै नथाक्नु ।" "हुन्छ ।"

माया फेरि किताबमा झुकी । मैनबत्ती बिस्तारै सकिँदै थियो । तर उसको आँखामा रहेको सपना भने अझ बलियो हुँदै थियो । उसले आफ्नो कापीको अन्तिम पानामा लेखी– "आजको सानो उज्यालोले भोलिको ठूलो अँध्यारो हटाउनेछ ।" एसईईको परीक्षा समय बित्दै गयो । माया कक्षा १० मा पुगिन् । अब उसको अगाडि एसईई परीक्षा थियो । उसले दिनरात मेहनत गरी । बिहान उठेर घरको काम गर्थी । त्यसपछि विद्यालय जान्थी । विद्यालयबाट फर्किएपछि आमालाई खेतबारीमा सहयोग गर्थी र राति पढ्थी । कहिलेकाहीँ साथीहरूले उसलाई भन्थे, "तिमी त सधैँ पढिरहन्छौ ।" माया हाँस्दै भन्थी, "आज अलि मेहनत गरेँ भने भोलि आफ्नो बाटो आफैँ रोज्न सक्छु ।" परीक्षा सुरु भयो । पहिलो दिन ऊ निकै डराएकी थिई ।

परीक्षा हलमा प्रवेश गर्दा उसको मुटु छिटो-छिटो धड्किरहेको थियो । उसले आँखा बन्द गरेर आमाबुबालाई सम्झी । "म सक्छु," उसले मनमनै भनी । त्यसपछि परीक्षा सुरु भयो । एक-एक गर्दै सबै परीक्षा सकिए । अन्तिम दिन परीक्षा हलबाट बाहिर निस्कँदा मायाको मन हलुका भयो । अब नतिजाको प्रतीक्षा थियो । सफलताको पहिलो खुसी केही समयपछि एसईईको नतिजा आयो । मायाले राम्रो अंक ल्याएकी थिई । घरमा खुसीको वातावरण भयो । बुबाले छोरीको टाउकोमा हात राख्दै भन्नुभयो, "तिमीले हाम्रो मन खुसी बनायौ ।" आमाको आँखामा आँसु थियो । "अब के गर्ने सोच छ?" बुबाले सोध्नुभयो । मायाले तुरुन्तै भनी, "म उच्च शिक्षा पढ्न चाहन्छु ।"

तर समस्या यहीँबाट सुरु भयो । सिम्तामा उच्च शिक्षा पढ्ने राम्रो अवसर थिएन । राम्रो कलेजमा पढ्न उसले घरबाट टाढा जानुपर्ने थियो । घर छोड्ने निर्णय एक साँझ परिवार सबैजना बसेका थिए । मायाले भनिन्, "म बाहिर गएर पढ्न चाहन्छु ।" बुबा केही बेर मौन बस्नुभयो । "छोरी, बाहिर पढ्न खर्च लाग्छ ।" मायाले भनिन्, "म छात्रवृत्तिको प्रयास गर्छु । आवश्यक परे ट्युसन पढाउँछु । तर पढाइ रोक्न चाहन्नँ ।" आमाले छोरीको हात समातिन् । "तिमीलाई पढ्न मन छ भने हामी सक्दो सहयोग गर्छौँ ।" बुबाले पनि भन्नुभयो, "हामीसँग धेरै पैसा छैन । तर तिम्रो सपना रोक्ने अधिकार हामीलाई छैन ।" मायाको आँखाबाट आँसु झर्‍यो । उसले आमाबुबाको हात समातेर भनी– "म तपाईंहरूको विश्वास कहिल्यै तोड्दिनँ ।" बिदाइ घरबाट टाढा जाने दिन आयो । आमाले सको झोलामा कपडा, किताब, केही खानेकुरा र घरमै बनाएको अचार राखिदिइन् । बुबाले केही पैसा उसको हातमा राख्दै भन्नुभयो, "आवश्यक पर्दा मात्र खर्च गर्नु ।" मायाले भनिन्, "बुबा, तपाईंहरूलाई नै चाहिन्छ ।" बुबाले मुस्कुराउँदै भने, "छोरीको पढाइमा खर्च भएको पैसा खेर जाँदैन ।" बस छुट्ने बेला भयो । मायाले घरतिर अन्तिमपटक हेरिन् । आमा आँखामा आँसु लिएर उभिएकी थिइन् । बुबा हात हल्लाइरहनुभएको थियो । बस अगाडि बढ्यो । मायाका आँखाबाट आँसु झरिरहेका थिए । उसले मनमनै भनी– "म घरबाट टाढा जाँदैछु, तर मेरो सपना लिएर जाँदैछु ।" नयाँ ठाउँको संघर्ष नयाँ ठाउँमा पुगेपछि मायाका लागि सबै कुरा अपरिचित थियो । ठूला भवन, धेरै मानिस, ठूलो कलेज र नयाँ वातावरण । गाउँमा सबैले उसलाई चिन्थे । यहाँ कसैले उसलाई चिन्दैनथ्यो । कक्षामा धेरै विद्यार्थी थिए । केही विद्यार्थी शहरकै राम्रा विद्यालयबाट आएका थिए । उनीहरू अंग्रेजीमा सहजै बोल्थे । मायालाई आफू कमजोर भएको महसुस हुन थाल्यो ।

एक दिन शिक्षकले अंग्रेजीमा प्रश्न सोध्नुभयो । मायालाई त्तर थाहा थियो, तर ऊ बोल्न डराई । कक्षा सकिएपछि ऊ निकै निराश भई । उसले आमालाई फोन गरी । "आमा, मलाई यहाँ गाह्रो भइरहेको छ ।" आमाले भनिन्, "के भयो?" "सबै जना मभन्दा अगाडि छन् जस्तो लाग्छ ।" आमाले भनिन्, "अरूसँग आफ्नो तुलना नगर । तिमी सिम्ताबाट यहाँसम्म आएकी छौ । तिमीले गर्न सक्दैनौ भन्ने कुनै कारण छैन ।"

आमाको त्यो कुरा मायाका लागि औषधिजस्तै भयो । नयाँ प्रयास ायाले आफ्नो कमजोरी पहिचान गरी । उसले दैनिक नयाँ अंग्रेजी शब्द सिक्न थाली । पुस्तकालयमा समय बिताउन थाली । शिक्षकसँग नबुझेका कुरा सोध्न थाली । उसले एउटा कापी बनाई–"आज मैले के सिकेँ?" हरेक रात त्यसमा केही न केही लेख्थी । एक दिन उसले लेखी– "आज मैले हिजोभन्दा राम्रो बोल्न सकेँ ।"

अर्को दिन– "आज मैले शिक्षकसँग प्रश्न सोध्न डराइनँ ।" उसलाई बुझ्दै गयो कि प्रगति ठूलो छलाङ होइन, साना-साना कदमहरूको परिणाम हो । आर्थिक संकट शहरमा बस्दा खर्च धेरै थियो । कोठाभाडा, खाना, किताब र कलेज शुल्क । घरबाट पैसा माग्न मायालाई अप्ठ्यारो लाग्थ्यो । उसले साना कक्षाका विद्यार्थीलाई ट्युसन पढाउन थाली । बिहान कलेज । दिउँसो पुस्तकालय । साँझ ट्युसन । राति आफ्नै पढाइ । कहिलेकाहीँ अत्यधिक थकानले ऊ किताब हेर्दाहेर्दै निदाउँथी । तर बिहान फेरि उठेर उही दिनचर्या सुरु हुन्थ्यो । उसको साथीले एक दिन भन्यो, "माया, तिमी यति धेरै मेहनत किन गर्छौ?" मायाले भनिन्– "किनकि मेरो परिवारले ममाथि विश्वास गरेको छ । म त्यो विश्वासलाई सफलतामा बदल्न चाहन्छु ।" असफलताको क्षण पहिलो वर्षको परीक्षा आयो ।

मायाले मेहनत गरेकी थिई । तर काम र पढाइ दुवै मिलाउन कठिन भयो । नतिजा आयो । उसको एउटा विषयमा कम अंक आयो र अर्को परीक्षामा राम्रो गर्नुपर्ने अवस्था भयो । माया निकै निराश भई । उसले सोचिन्– "सायद म यो सबै गर्न सक्दिनँ ।" उसले केही समय किताब बन्द गरिन् । त्यही बेला उसको नजर आफ्नो पुरानो कापीमा पर्‍यो । त्यहाँ लेखिएको थियो– "म भाग्यलाई दोष दिन होइन, आफ्नो भाग्य बदल्न हिँडेकी हुँ ।" उसले कापी बन्द गरी । आँसु पुछी । अर्को दिन शिक्षकसँग भेटी ।

शिक्षकले भने– "असफलता भनेको अन्तिम फैसला होइन । यसले तिमीलाई कहाँ सुधार गर्नुपर्छ भनेर खाएको हो ।" मायाले नयाँ योजना बनाई । मेहनतको परिणाम उसले आफ्नो कमजोरी पहिचान गरी । निश्चित समयतालिका बनाई । मोबाइलको अनावश्यक प्रयोग घटाई । समूह अध्ययन गर्न थाली । शिक्षकसँग अतिरिक्त सहयोग लिन थाली । अर्को परीक्षामा उसले राम्रो प्रदर्शन गरी । उसले महसुस गरी– मेहनतले तुरुन्तै परिणाम नदिए पनि मेहनत कहिल्यै खेर जाँदैन । छात्रवृत्ति एक दिन कलेजमा आर्थिक रूपमा कमजोर र मेहनती विद्यार्थीका लागि छात्रवृत्तिको सूचना आयो । मायाले आवेदन दिई । अन्तर्वार्तामा उसलाई सोधियो– "तिमीलाई छात्रवृत्ति किन चाहिएको हो?" मायाले भनिन्– "मलाई केवल पैसा चाहिएको होइन । मलाई पढाइ निरन्तर गर्ने अवसर चाहिएको हो । मेरो परिवारले धेरै दुःख गरेर मलाई पढाइरहेको छ । म आफ्नो पढाइ पूरा गरेर भविष्यमा आफ्नो गाउँका विद्यार्थीलाई पनि सहयोग गर्न चाहन्छु ।" "सफल भएपछि के गर्छौ?" मायाले केही क्षण सोचेर भनी– "म आफ्नो गाउँ फर्किन्छु । जहाँबाट मेरो यात्रा सुरु भएको हो, त्यहीँका बालबालिकाको शिक्षाका लागि काम गर्छु ।" केही दिनपछि नतिजा आयो ।

मायाले छात्रवृत्ति पाएकी थिई । उसले तुरुन्तै आमालाई फोन गरी । "आमा, मैले छात्रवृत्ति पाएँ ।" आमाको आवाज भावुक भयो । "मेहनतले तिमीलाई कहिल्यै धोका दिएन छोरी ।" बुबाको बिरामी जीवनमा फेरि अर्को परीक्षा आयो । एक दिन घरबाट फोन आयो । बुबा बिरामी हुनुहुन्छ भन्ने खबर थियो । माया तुरुन्तै गाउँ गई । बुबालाई कमजोर देख्दा उसको मन दुख्यो । "बुबा, तपाईंले मलाई किन भन्नुभएन?" बुबाले मुस्कुराउँदै भन्नुभयो, "तिमीलाई पढाइमा असर पर्ला भनेर ।" मायाले बुबाको हात समाती । "बुबा, तपाईंले मलाई पढ्न पठाउनुभएको छ । म तपाईंलाई छोडेर कसरी शान्त बस्न सक्छु?" बुबाले भने– "तिमी पढाइ पूरा गर । तिमी सफल भएको दिन मेरो सबै दुःख बिर्सिन्छु ।" मायाले बुबालाई अँगालो हालिन् । त्यो दिन उसको लक्ष्य झन् बलियो भयो । सफलता नजिकिँदै समय बित्दै गयो ।

मायाले आफ्नो अध्ययन निरन्तर राखी । उसले कलेजका कार्यक्रमहरूमा भाग लिन थाली । सार्वजनिक रूपमा बोल्न सिकिन् । अरू विद्यार्थीलाई सहयोग गर्न थाली । अब ऊ पहिलेको डराउने विद्यार्थी रहेन । उसले आफूलाई बुझिसकेकी थिई– मानिसको वास्तविक शक्ति उसको परिस्थितिमा होइन, परिस्थितिसँग सामना गर्ने क्षमतामा हुन्छ । अन्तिम परीक्षा अन्तिम वर्षको परीक्षा सुरु भयो । मायाले वर्षौंको मेहनत सम्झी । सिम्ताको गाउँ । आमाको माया । बुबाको संघर्ष । मैनबत्तीको उज्यालो । घर छोडेको दिन । शहरको पहिलो डर । आर्थिक कठिनाइ । ट्युसन पढाएको समय, असफलता, छात्रवृत्ति र आजको अन्तिम परीक्षा अन्तिम उत्तरपुस्तिका बुझाएर बाहिर निस्कँदा उसको आँखामा आँसु आयो । उसले आकाशतिर हेर्दै मनमनै भनी– "अब मेरो सपना पूरा हुने बाटोमा छ ।" सफलताको खबर केही महिनापछि नतिजा आयो । मायाले उत्कृष्ट अंकसहित आफ्नो अध्ययन पूरा गरी । उसका शिक्षकहरूले बधाई दिए ।

एक शिक्षकले भने– "माया, तिमीले प्रमाणित गर्‍यौ–परिस्थितिले मानिसको भविष्य निर्धारण गर्दैन । मेहनतले भविष्य निर्माण गर्छ ।" मायाले मुस्कुराउँदै भनिन्– "सर, मेरो सफलताको श्रेय मेरो परिवार र मेरा शिक्षकहरूलाई जान्छ ।" सिम्तामा फर्किएपछि अध्ययन पूरा गरेपछि माया आफ्नो गाउँ फर्की । वर्षौंअघि जुन बाटोबाट ऊ सपना बोकेर घरबाट टाढा गएकी थिई, आज त्यही बाटोबाट सफल भएर फर्किएकी थिई । आमाले उसलाई अँगालो हालिन् । "छोरी, तिमी फर्कियौ ।"

मायाले आमाको काखमा टाउको राखी । "आमा, मैले तपाईंलाई भनेको थिएँ नि–म पढेर फर्किन्छु ।" बुबाले मुस्कुराउँदै भने– "तिमीले हाम्रो सपना पूरा गर्‍यौ ।" मायाले भनिन्– "मेरो सफलता तपाईंहरूको त्याग हो ।" अरूका लागि नयाँ सपना माया गाउँ फर्किएपछि आराम गरेर बसिन । उसले आफ्नो पुरानो विद्यालयमा गएर शिक्षकहरूसँग छलफल गरी । उसले गाउँमा सानो अध्ययन केन्द्र र पुस्तकालय खोल्ने निर्णय गरी । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीले निःशुल्क पढ्न पाउने व्यवस्था गरिन् । उसले पुराना किताबहरू संकलन गरिन् ।

शहरमा रहेका आफ्ना साथीहरूसँग सहयोग मागिन् । केही महिनापछि अध्ययन केन्द्र सञ्चालनमा आयो । गाउँका बालबालिका त्यहाँ आएर पढ्न थाले । एक दिन एउटा सानी बालिकाले मायालाई सोधी– "दिदी, म पनि तपाईं जस्तै पढेर सफल हुन सक्छु?" माया मुस्कुराई । "तिमी मभन्दा पनि धेरै सफल हुन सक्छौ ।" "तर म गरिब छु ।"

मायाले उसको हात समात्दै भनी– "गरिब हुनु कमजोरी होइन । अवसर नपाउनु समस्या हो । त्यसैले तिमी पढ, मेहनत गर र आफ्नो सपना कहिल्यै नछोड ।" भाग्यको नयाँ अर्थ मायाले आफ्नो जीवनबाट एउटा ठूलो सत्य बुझिन् । भाग्य भनेको आकाशबाट खस्ने कुनै चमत्कार होइन । भाग्य भनेको आफूले हरेक दिन गर्ने निर्णय, मेहनत, धैर्य र साहसबाट बिस्तारै निर्माण हुने भविष्य हो । उसले कहिल्यै आफूलाई भाग्यहीन भनिन । उसले कहिल्यै आफ्नो गाउँलाई दोष दिइन ।

उसले कहिल्यै गरिबीलाई आफ्नो अन्तिम परिचय बनाइन । बरु उसले आफ्नो जीवनलाई आफैँ लेखी । उसको जीवनको पहिलो अध्याय सिम्ताको सानो गाउँबाट सुरु भएको थियो । बीचका पानाहरूमा संघर्ष थिए । केही पानामा आँसु थिए । केही पानामा असफलता थिए । केही पानामा आशा थिए । र अन्ततः ती सबै पानाहरू मिलेर एउटा सुन्दर कथा बने– मेहनतले लेखेको भाग्य ।

अन्तिम सन्देश माया प्रायः आफ्ना विद्यार्थीलाई एउटा कुरा भन्ने गर्थी– "तिमी जन्मिएको ठाउँले तिम्रो भविष्य निर्धारण गर्दैन । तिम्रो घरको अवस्था, तिम्रो आर्थिक अवस्था वा आजको कठिनाइले पनि तिमी कति टाढा पुग्छौ भन्ने निर्णय गर्दैन । तिमीले आफ्नो लक्ष्यका लागि कति इमानदारीपूर्वक मेहनत गर्छौ, त्यो महत्वपूर्ण हो ।" उसले थप्थी– "असफलता आयो भने नडराऊ । आलोचना भयो भने नआत्तिऊ । बाटो कठिन भयो भने रोकिनु पर्दैन । केही समय आराम गर, तर आफ्नो सपना नछोड ।" सिम्ता गाउँका बालबालिकाले मायालाई केवल शिक्षिका वा दिदीका रूपमा हेर्दैनथे । उनीहरूका लागि माया एउटा उदाहरण थिई । उनीहरू भन्थे– "यदि मायादिदीले गर्न सक्नुभयो भने हामी पनि गर्न सक्छौँ ।"

मायाको मनमा त्यही कुरा सुन्दा खुसी भरिन्थ्यो । उसले महसुस गर्थी–उसको सफलता अब उसको मात्र रहेन । उसको सफलता अरू धेरै विद्यार्थीका लागि आशा बनेको थियो । एक साँझ सूर्य पहाडपछाडि अस्ताउँदै थियो । अध्ययन केन्द्रबाट बालबालिकाको पढ्ने आवाज आइरहेको थियो । माया ढोकामा उभिएर उनीहरूलाई हेरिरहेकी थिई । उसको आँखामा सन्तुष्टि थियो । कहिल्यै मैनबत्तीको सानो उज्यालोमा बसेर भविष्य खोजेकी माया आज अरूका लागि उज्यालो बनेकी थिई । उसले आकाशतिर हेरी र मनमनै भनिन्– "भाग्यले मलाई केही दिएको थिएन होला, तर मेहनतले मलाई सबै कुरा सिकायो । आज मैले बुझेँ–भाग्य पर्खेर होइन, मेहनत गरेर लेखिँदो रहेछ ।" र त्यसै क्षण सिम्ताको त्यो सानो गाउँमा एउटा नयाँ पुस्ताका सपनाहरू जन्मिरहेका थिए । कसैले शिक्षक बन्ने सपना देखिरहेको थियो । कसैले स्वास्थ्यकर्मी बन्ने । कसैले ठूलो विद्वान् बन्ने । र कसैले मायाजस्तै आफ्नो गाउँका लागि केही गर्ने सपना देखिरहेको थियो । मायाको यात्रा सकिएको थिएन । उसले अब आफ्नो जीवनको मात्र होइन, अरू धेरै बालबालिकाको भविष्यको कथा लेख्न सुरु गरेकी थिई ।

कथाको सन्देश

मानिसको भाग्य सधैँ पहिले नै लेखिएको हुँदैन । मेहनत, धैर्य, आत्मविश्वास, सही निर्णय र निरन्तर प्रयासले मानिसले आफ्नो भविष्य आफैँ निर्माण गर्न सक्छ । कठिन परिस्थितिले रोक्न खोजे पनि सपना नछोड्ने व्यक्ति एक दिन अवश्य सफलताको नजिक पुग्छ । साँचो सफलता भनेको आफू सफल हुनु मात्र होइन, आफ्नो सफलताको उज्यालो अरूको जीवनमा पनि बाँड्नु हो ।

# शैक्षिक अवस्था र आगामी योजनाबारे समीक्षा

❑ काँक्रेविहार संवाददाता

सल्यान, ५ भदौ

जिल्लाको समग्र शैक्षिक अवस्था, विद्यालय तथा विद्यार्थीको अवस्था र आगामी शैक्षिक योजनाका विषयमा समीक्षा तथा छलफल गरिएको छ।

शिक्षा विकास तथा समन्वय इकाइ सल्यानको आयोजनामा आर्थिक वर्ष २०८२ र ८३ को प्रगति समीक्षा तथा आर्थिक वर्ष २०८३ र ८४ को शैक्षिक नीति अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो।



कार्यक्रममा जिल्लाको समग्र शैक्षिक अवस्था तथा स्थानीय तहबाट सञ्चालन र कार्यान्वयन हुने सशर्ततर्फका शिक्षा सम्बन्धी कार्यक्रमका विषयमा जानकारी तथा छलफल गरिएको थियो।

स्थानीय तहले तयार गर्ने वार्षिक शैक्षिक नीति तथा कार्यक्रमका विविध पक्षमाथि समेत सहभागीबीच छलफल भएको थियो।

कार्यक्रममा जिल्लाका विद्यालयको अवस्था, विद्यार्थीको शैक्षिक अवस्था, शिक्षा क्षेत्रका प्राथमिकता तथा आगामी शैक्षिक योजनाका विषयमा समीक्षा गरिएको थियो।

स्थानीय तहबाट सञ्चालन भएका शिक्षा सम्बन्धी कार्यक्रमको प्रगति, कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा आगामी दिनमा गर्नुपर्ने सुधारका विषयमा पनि छलफल भएको शिक्षा विकास तथा समन्वय इकाइ सल्यानले जनाएको छ।

त्यस्तै, विद्यालय तहमा शैक्षिक गुणस्तर सुधार, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि तथा शिक्षा सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको थियो। स्थानीय तह र विद्यालयबीच प्रभावकारी समन्वय कायम गर्दै उपलब्ध स्रोत-साधनको उचित परिचालन गर्ने विषयमा समेत छलफल गरिएको थियो।

कार्यक्रममा सल्यानका १० वटै स्थानीय तहका शिक्षा शाखा प्रमुख तथा सामाजिक विकास शाखा प्रमुख, विद्यालयका प्रधानाध्यापक लगायत शिक्षा क्षेत्रका सरोकारवालाको सहभागिता रहेको थियो।

कार्यक्रमले स्थानीय तह तथा विद्यालय तहबाट सञ्चालन हुने शिक्षा सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउने र आगामी शैक्षिक योजनालाई व्यवस्थित तथा परिणाममुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

शिक्षा विकास तथा समन्वय इकाइ सल्यानका प्रमुख शेरबहादुर रोकाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाको प्रमुख आतिथ्यता तथा सामाजिक विकास कार्यालय सल्यानका प्रमुख कृष्ण अधिकारीको विशिष्ट आतिथ्यता रहेको थियो। कार्यक्रमको सञ्चालन शिक्षा विकास तथा समन्वय इकाइ सल्यानका सूचना अधिकारी कपिल जोशीले गरेका थिए।

# लुम्बिनीमा मनसुनजन्य विपदबाट ८५ जनाको मृत्यु, यस्तो छ राहतको तयारी

❑ काँक्रेविहार संवाददाता

रूपन्देही, ५ भदौ

लुम्बिनी प्रदेशमा जेठ १८ गतेदेखि भदौ ३ गतेसम्म मनसुनजन्य विपद्का ९१ वटा घटना भएका छन्। ती घटनामा ८५ जनाको मृत्यु, १३ जना घाइते र दुई जना बेपत्ता भएका छन्।



आज शुक्रबार बसेको प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकमा प्रस्तुत विवरणअनुसार पानीमा डुबेर ५८ जनाको मृत्यु भएको छ। त्यस्तै बाढीका चार, चट्याङका सात, पहिरोका १० तथा अधिक वर्षाका कारण छ वटा घटना भएका छन्। बाढीमा परेर ४, चट्याङमा परेर ३, पहिरोमा परेर २० जनाको मृत्यु भएको छ।

रोल्पामा यस वर्षको मनसुनजन्य विपद्का घटनाबाट चार स्थानीय तहमा २० जनाको मृत्यु भएको छ। थवाङमा मात्रै १२ जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता र दुई जना घाइते भएका छन्। सुनछहरी गाउँपालिकामा छ जनाको मृत्यु भएको छ। लुङ्ग्री र परिवर्तन गाउँपालिकामा एक-एक जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ। चार स्थानीय तहमा गरी ११ घरधुरी विपद्बाट विस्थापित भएका छन्। चार स्थानीय तहमा गरी ३१८ घरधुरी जोखिममा रहेका छन्।

परिषद्ले नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) को सुस्ता गाउँपालिका-५ स्थित नारायणी नदीपारिको सुस्ता क्षेत्रमा नदी कटान तथा बाढीको जोखिम न्यूनीकरणका लागि २५ लाख रुपैयाँ निकासा गर्ने निर्णय गरेको छ। प्रदेश विपद् व्यवस्थापन कोषबाट जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) मार्फत उक्त रकम खर्च गरिनेछ।

त्यस्तै, रोल्पाको थबाङ गाउँपालिका-५ स्थित उवा खोला सडक पुलको एकातर्फको विङ वाल बाढीले बगाएको तथा पुलको पहुँच सडकमा ठूलो खाल्डो परेर आवागमन अवरुद्ध भएको अवस्थामा पुल र सडकको तत्काल मर्मत तथा संरक्षणका लागि ५० लाख रुपैयाँ निकासा गर्ने निर्णय भएको आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयका सचिव भरतमणि पाण्डेले जानकारी दिए। सुलिचौर-थबाङ सडकका विभिन्न भागसमेत क्षतिग्रस्त भएकाले तत्काल मर्मत तथा सुरक्षा आवश्यक रहेको जनाउँदै सडक पूर्वाधार विकास कार्यालय, रोल्पामार्फत उक्त रकम खर्च गरिनेछ।

परिषद्ले नेपालगञ्ज विमानस्थल परिसरमा रहेको मानवीय सहायता तथा प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको गोदाममा मौज्दात राहत सामग्री रोल्पामा पठाइएको छ।

जिल्ला प्रशासन कार्यालय रोल्पाको मागअनुसार २० थान टेन्ट, ३० थान त्रिपाल, ४० थान ब्लाङ्केट, ४८ थान झुल, ६ सेट किचन सेट र २० थान म्याट्रेस पठाइएको हो।

# महाधिवेशन प्रक्रियामा सामेल नहुन कोइरालाको अपिल



❑ काँक्रेविहार संवाददाता

काठमाडौं, ५ भदौ

नेपाली कांग्रेसका पूर्वमहामन्त्री तथा इतर समूहका १५औँ केन्द्रीय महाधिवेशन तयारी समितिका संयोजक शशांक कोइरालाले विज्ञप्ति जारी गर्दै महाधिवेशनमा सहभागी नहुन कार्यकर्तालाई आग्रह गरेका छन्।

शुक्रबार जारी विज्ञप्तिमा विशेष महाधिवेशनबाट आएको कार्यसमितिले महाधिवेशन गरे सबै संरचनामा विभाजन प्रक्रिया सुरु हुने भएकाले उक्त महाधिवेशनमा सहभागी नहुन भनिएको छ।

‘तथाकथित विशेष महाधिवेशन पक्षका यस्ता अवैधानिक र विभाजनकारी अधिवेशन र महाधिवेशन आयोजना नगर्न/नगराउँन तथा यस्ता क्रियाकलापमा सहभागी नहुन पार्टीका सबै तहका समिति, पदाधिकारी र सदस्यहरू तथा क्रियाशील सदस्यहरूमा हार्दिक अपिल गर्दछौं,’ विज्ञप्तिमा भनिएको छ।

पार्टीको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा विशेष महाधिवेशन पक्षले १५औं महाधिवेशन गर्ने निर्णयसहित कार्यतालिका सार्वजनिक गरेको भन्दै इतर समूहले आपत्ति पनि जनाएको छ।

विज्ञप्तिमा पार्टीको आधिकारिकता मुद्दा विचाराधीन रहेकै अवस्थामा महाधिवेशन अघि बढाउँदा पार्टीभित्रको विभाजन थप संस्थागत हुने इतर समूहको दाबी छ। इतर समूहले विशेष महाधिवेशनका कारण अहिले नै केन्द्रीय कार्यसमिति समानान्तर रूपमा विभाजित रहेको दाबी गरेको छ।

‘सुदृढ, सबल र गतिशिल कांग्रेसका लागि पार्टीभित्रको साँगठनिक तथा भावनात्मक एकता नै अहिलेको आवश्यकता हो भन्ने हाम्रो निष्कर्ष र प्रतिबद्धता रहेको छ।

कथित विशेष महाधिवेशनको कारणले हाल केन्द्रीय कार्यसमिति समानान्तर रुपले विभाजित रहेको छ,’ विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा आगामी स्थानीय तथा प्रदेश सभा सदस्यको निर्वाचनमा समेत पार्टीलाई झनै नकारात्मक असर पर्दछ भन्ने ठहर गरिएको छ।

# रानी खर्कमा बढ्दै आन्तरिक पर्यटक

❑ काँक्रेविहार संवाददाता

हुम्ला, ५ भदौ

प्राकृतिक सौन्दर्यले भरिपूर्ण पर्यटकीय क्षेत्र रानी खर्कमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ। पछिल्लो समय प्रचारप्रसारसँगै हिल्सा-सिमकोट सडकबाट रानी खर्क नजिकैसम्म सडक निर्माण भई यातायात सेवा सञ्चालन भएपछि पर्यटकको संख्या बढेको हो।



एक साताअघि रानी खर्क पुगेकी आन्तरिक पर्यटक सुहाना हमालले आठ जनाको समूहमा एक रात बसेर प्राकृतिक सौन्दर्यको मनोरञ्जन लिएको बताइन्।

वातावरण सफा र रमणीय भएकाले रानी खर्क पुगेपछि छुट्टै अनुभूति हुने उनको भनाइ छ। केही दिनअघि २० सदस्यीय टोलीसहित रानी खर्क पुगेका सिमकोट गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख नरबहादुर भण्डारीले पर्यटक बढ्नु स्वाभाविक भएको बताए। क्षेत्रको थप प्रचारप्रसार र प्रवर्द्धन गर्न सके आन्तरिकसँगै बाह्य पर्यटकसमेत बढ्ने उनको विश्वास छ।

हाल नाम्खा गाउँपालिका तिन खगालगाउँ हुँदै निर्माण भएको सडक रानी खर्कसम्म पुगिसकेको छैन। सडक पुगेको स्थानबाट करिब साढे दुई घण्टा पैदल हिँड्नुपर्ने अवस्था छ।

रानी खर्कसम्म सडक विस्तारसँगै खाने, बस्ने लगायत आवश्यक पर्यटकीय पूर्वाधार निर्माण गर्नुपर्ने माग गरिएको छ। अहिले त्यहाँ पुग्ने पर्यटकले आवास तथा खानाको व्यवस्था आफैं गर्नुपर्ने बाध्यता छ।

रानी खर्कमा पर्यटकसँगै खार्पुनाथ, सर्केगाड, सिमकोट र नाम्खाका किसानले भेडा तथा चौरी चराउने गरेका छन्।

भेडा र चौरीका बथानले समेत पर्यटकलाई आकर्षित गर्ने गरेका छन्। हालसम्म करिब १२ पर्यटक समूह रानी खर्क पुगिसकेको बताइएको छ।

समुद्री सतहबाट चार हजार दुई सय देखि चार हजार छ सय मिटर उचाइमा रहेको रानी खर्कमा ताल, नदी, बुकी फूल, जङ्गली जनावर तथा सैपाल हिमालको दृश्यावलोकन गर्न सकिन्छ। मौसम अनुकूल रहे आगामी असोजसम्म पर्यटकले भ्रमण गर्न सक्ने बताइएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# कर्णालीमा कानुन निर्माण सुस्त, सरकार फेरबदल भने तीव्र




❒ काँक्रेविहार संवाददाता
सुर्खेत, ५ भदौ

संघीयता कार्यान्वयनसँगै गठन भएको कर्णाली प्रदेश सरकार राजनीतिक अस्थिरताको चपेटामा पर्दै आएको छ।

छोटो समयमै सरकारको नेतृत्व परिवर्तन भइरहँदा नागरिकका आधारभूत आवश्यकता र अधिकारसँग सम्बन्धित विषय ओझेलमा पर्दै गएका छन्।

कर्णालीमा हालसम्म पाँच जना मुख्यमन्त्री बनेका छन्। पछिल्लो समय नेपाली कम्युनिष्ट पार्टी नौ नेकपाका नेता मंगलबहादुर शाहीले प्रदेश सरकारको नेतृत्व सम्हालेका छन्। तर, सरकार फेरबदलको क्रमले प्रदेशको नीति निर्माण र कानुन कार्यान्वयनमा समेत असर परेको देखिन्छ।

प्रदेशसभाले हालसम्म ७९ वटा कानुन निर्माण गरेको तथ्यांक छ। पहिलो कार्यकालको पाँच वर्षमा ५३ वटा ऐन निर्माण गरेको प्रदेशसभाले दोस्रो कार्यकालको चार वर्षमा २२ वटा विधेयक पारित गरेको छ।

दोस्रो कार्यकालमा २८ वटा विधेयक दर्ता भए पनि कानुन निर्माणको गति अपेक्षाकृत सुस्त देखिएको छ। प्रदेशसभाको मुख्य जिम्मेवारी आवश्यक कानुन निर्माण गर्नु भए पनि विधेयक तयार पारेर सभामा पेस गर्ने जिम्मेवारी सरकारको हुन्छ त्यसैले कानुन निर्माणको गति र प्राथमिकतामा सरकारको भूमिका महत्वपूर्ण हुने जानकारहरूको भनाइ छ।

अधिवक्ता गीता कोइरालाले विगत साढे सात वर्षमा राजनीतिक दलहरू सरकार निर्माण र सत्ताको जोडघटाउमै बढी केन्द्रित भएको बताइन्।

नागरिकका अधिकार सुनिश्चित गर्ने तथा जनजीविकासँग प्रत्यक्ष जोडिएका कानुन निर्माणलाई प्राथमिकता नदिइएको उनको भनाइ छ। अधिकारकर्मी पवित्रा शाहीले आवश्यक कानुनको अभावमा नागरिकले पाउनुपर्ने सेवा र अधिकारबाट समेत वञ्चित हुनुपरेको बताइन्।

पटक-पटक सरकार परिवर्तन हुँदा नागरिकका सवाल ओझेलमा परेको उनको भनाइ छ। यता मुख्यमन्त्री मंगलबहादुर शाहीले आवश्यक कानुन निर्माणसँगै बनेका कानुनको प्रभावकारी कार्यान्वयनमा सरकार केन्द्रित हुने बताएका छन्।

नागरिकका आधारभूत आवश्यकतालाई प्राथमिकतामा राखेर विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी बनाउने उनको भनाइ छ।

कर्णाली प्रदेश स्थापना तथा सहिद दिवसका अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री शाहीले प्रदेश प्राप्तिको आन्दोलनमा योगदान गर्ने सहिद तथा घाइतेहरूको सम्मान गर्दै उनीहरूको योगदानबाट प्राप्त प्रदेशको पहिचानलाई कमजोर बनाउने बहस उचित नहुने बताए।

तर, नागरिकमुखी काम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको भन्दै सरकारको कार्यशैलीप्रति प्रश्न उठ्दै आएको छ।

## कर्णालीको...

प्रदेश विद्युतीकरण आयोजनालाई दुई चरणमा अघि बढाउने योजना बनाएको छ। पहिलो चरणमा सल्यान, पश्चिम रुकुम, जाजरकोट, कालिकोट, जुम्ला र मुगुमा वितरण लाइन विस्तार तथा ट्रान्सफर्मर जडान गरिनेछ। यसका लागि बोलपत्रसमेत आह्वान भइसकेको मन्त्री श्रेष्ठले जानकारी दिए। दोस्रो चरणमा माथिल्लो डोल्पामा ३३/११ केभी सबस्टेशन तथा वितरण प्रणाली स्थापना गर्ने योजना छ। उक्त चरण पूरा भएपछि समग्र कर्णाली प्रदेशमा पूर्ण विद्युतीकरण सुनिश्चित गर्ने सरकारको लक्ष्य छ।

**ग्रिड नपुगेका क्षेत्रमा वैकल्पिक ऊर्जा**

मन्त्री श्रेष्ठले राष्ट्रिय प्रसारण लाइन विस्तार आर्थिक तथा प्राविधिक रूपमा सम्भव भएका क्षेत्रमा राष्ट्रिय ग्रिड विस्तार गरिने र तत्काल ग्रिड पुऱ्याउन कठिन हुने क्षेत्रमा वैकल्पिक ऊर्जामार्फत विद्युत् पहुँच सुनिश्चित गरिने बताए। उनका अनुसार कर्णालीको भौगोलिक कठिनाइलाई ध्यानमा राख्दै एउटै माध्यमबाट मात्रै पूर्ण विद्युतीकरण सम्भव छैन। त्यसैले राष्ट्रिय प्रसारण प्रणालीसँगै लघु जलविद्युत्, सौर्य मिनीग्रिड र घरेलु सौर्य प्रणालीलाई समानान्तर रूपमा अघि बढाउने कार्ययोजना बनाइएको छ। सरकारले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको सहयोग र समन्वयमा नेपाल विद्युत् प्राधिकरण तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत कर्णालीको विद्युतीकरण निर्धारित समयभित्र सम्पन्न गर्ने प्रतिबद्धता जनाएको छ।

# नेपाल-भारत सीमामा कडा निगरानी गरिने

❒ काँक्रेविहार संवाददाता
काठमाडौं,५ भदौ




नेपाल र भारत सीमामा कडाइ गर्ने निर्णय भएको छ। नेपाल र भारतबिच सीमा व्यवस्थापनसम्बन्धी संयुक्त कार्यदल (जेडब्लुजी) को बैठकले सो निर्णय गरेको हो।

कार्यदलको १४ औं बैठक भारतको देहरादूनमा भदौ ४ र ५ गते बसेको थियो। दुवै देशका नागरिकहरूको सीमा पार आवागमनलाई सहज बनाउने, तेस्रो मुलुकका नागरिकको निगरानीमा कडाइ गर्ने, विपद् व्यवस्थापन र जिल्लास्तरीय समन्वय बैठकहरूलाई प्रभावकारी बनाउने निर्णय बैठकले गरेको गृह मन्त्रालयले जनाएको छ। सीमा क्षेत्रका संवेदनशील स्थानहरूमा सीसीटीभी जस्ता आधुनिक प्रविधिको प्रयोगबाट सुरक्षा निगरानी बढाउन पनि दुवै पक्ष सहमति भएको जानकारी मन्त्रालयले दिएको छ। यसैगरी, दशगजा क्षेत्रको अतिक्रमण र अनाधिकृत प्रयोग नियन्त्रण, एकीकृत जाँच चौकीको पूर्ण सञ्चालन र उपयोग एवम् पारस्परिक कानुनी सहायताका विषयमा पनि छलफल भएको जनाइएको छ। नेपाली पक्षले साइबर अपराध र सीमा पार डिजिटल ठगीलगायतका नयाँ सुरक्षा चुनौतीका विषयहरू उठाएको छ।

बैठकमा सन् २०२५ मा नेपालको पोखरामा सम्पन्न १३ औं बैठकका निर्णयहरूको कार्यान्वयनबारे समीक्षा गर्दै सीमा पार अपराध, लागूऔषध, प्रतिबन्धित औषधि, वन्यजन्तु तथा मानव बेचबिखन, जाली नोट र हातहतियार तस्करी नियन्त्रण गर्न सम्बद्ध निकायबिच तत्काल सूचना आदान प्रदान कार्यलाई सुदृढ बनाउने विषयमा पनि छलफल भएको छ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले गरेका थिए भने भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारतको गृह मन्त्रालयकी सहसचिव श्रीमती पौसुमी बासुले गरेकी थिइन्।

बैठकमा लिपुलेक भन्ज्याङ भई हुने भारत-चीन व्यापारका सम्बन्धमा नेपालको चासो र धारणाबारे पनि छलफल भएको थियो। तर त्यस विषयमा कुनै निर्णय नभएको स्रोतले जनाएको छ। 'लिपुलेक, कालापानी, लिम्पियाधुराको विषयमा छलफल भयो तर निर्णय गर्ने अधिकार यो कार्यदललाई छैन' स्रोतले भन्यो।

# प्रहरी संगठन वा प्रमुखसँग कुनै व्यक्तिगत विवाद छैन :खगेन्द्र सुनार

❒ काँक्रेविहार संवाददाता
काठमाडौं, ५ भदौ

रास्वपा सांसद खगेन्द्र सुनारले प्रहरी संगठन वा प्रहरी प्रमुखसँग आफ्नो कुनै व्यक्तिगत विवाद नरहेको बताएका छन्।

शुक्रबार रास्वपा कार्यालय बनस्थलीमा सञ्चारकर्मीसँग कुरा गर्दै सांसद सुनारले संसदीय समितिमा उजुरी आएपछि सम्बन्धित व्यक्ति तथा अधिकारीहरूलाई बोलाएर छलफल गर्नु सामान्य र नियमित प्रक्रिया भएको उल्लेख गर्दै प्रहरी संगठन वा प्रहरी प्रमुखसँग आफ्नो कुनै व्यक्तिगत विवाद नरहेको बताएका हुन्।

उनले मिडियाले दुई पक्षको विवाद भन्दै अनावश्यक प्रचार गरेकोमा आपत्ति जनाए।

उनले रास्वपाको जन्म नै अराजकता र बेथितिको अन्त्य गर्दै सुशासन र भ्रष्टाचार विरुद्ध लड्नका लागि भएको धारणा राखे।

बारामा भएको बालिका हत्याका विषयमा सांसद सुनारले दोषीमाथि हदैसम्मको कानुनी कारबाहीका लागि राज्य गम्भीर हुनुपर्ने उल्लेख गरे।

# देउवा पक्षको रिट दर्ता भएन

❒ काँक्रेविहार संवाददाता
काठमाडौं, ५ भदौ

आधिकारिकता मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकाले नेपाली कांग्रेसको संस्थापनइतर समूहले पार्टीको १५औं महाविधेशन प्रक्रिया रोक्न माग गर्दै सर्वोच्चमा पुऱ्याएको रिट शुक्रबार दर्ता भएको छैन।

आगामी असोजमा हुने १५औं महाधिवेशन रोक्न माग गर्दै लगेको निवेदनमा सर्वोच्च अदालतले अध्ययन गरिरहेको प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिए।

१५औं महाधिवेशनको सबै प्रक्रिया तत्काल रोक्न माग गर्दै निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान उपसभापति पूर्णबहादुर खड्काको तर्फबाट वारेस अनुमति लिएर नेता दीपक खड्का र अधिवक्ता श्रवण कुमार श्रेष्ठ सर्वोच्च पुगेका थिए। संस्थापन समूहले एकपक्षीय ढंगले महाधिवेशनको तालिका सार्वजनिक गरेको भन्दै निवेदन पेस गर्न नेताहरू सर्वोच्च पुगेका हुन्।

**सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।**







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)